मायादेवी गाउँपालिका
Mayadevi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipality Executive
कम्हरिया, रुपन्देही/ Kamhariya, Rupandehi
५ नम्बर प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या :-/Ref. No. :

चलानी नं. :-/Dispatch No.:

## पुनः बोलपत्र आव्हान सम्बन्धि सूचना

सूचना नं.:- ०१/०७५/०७६ (निर्माण)

प्रथम पटक प्रकाशित मिति :-२०७५।११।०६

यस कार्यालयबाट स्वीकृत कार्यक्रम तर्फका तपसिलमा उल्लेखित विभिन्न योजनाहरु निर्माण र मर्मत गर्नु पर्ने भएकोले मिति:-२०७५।०९।३० मा प्रथम पटक सूचना प्रकासित गरिएकोमा मिति २०७५/११/०५ को गाउँ कार्यपालिकाको निर्णय अनुसार उक्त सूचना अनुसार पर्न आएका बोलपत्रहरु रद्ध गरी पून: बोलपत्र आव्हान गर्ने निर्णय भएकोले

इजाजत प्राप्त निर्माण ब्यबसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

शर्तहरु :-

१। तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीदका साथ नविकरण भएको इजाजत पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र अघिल्लो आ.ब. ०७४/०७५ को कर चुक्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सुचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्रौं) दिन (मिति २०७५।११।२०) सम्म कार्यालय समय भित्र मायादेवी गाउ कार्यपालिकाको कार्यालय आर्थिक प्रशासन शाखा बाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।साथै यस गाउपालिकाको वेभसाइट www.mayadevimunrupandehi.gov.np बाट समेत बोलपत्रको सुचना डाउनलोड गरी हेर्न सकिनेछ ।

२। बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम रुं ३००० (फिर्ता नहुने गरी)यस कार्यालयको कृषि विकास बैंक लि. सिद्धार्थनगर भैरहवा शाखामा रहेको खाता नं ०४१४३०११५१०१००१८ संचित कोषमा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा दाखिला गरेको रसिद पेश गर्नुपर्नेछ ।

३। सि.नं १ बमोजिम खरिद गरेको बोलपत्र फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., बोलपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६(सोह्रौं) दिन मिति २०७५।११।२१ दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्र सोही दिनको २:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहबरमा खोलिनेछ ।बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

४। सिलबन्दी बोलपत्रका साथ तपसिलमा उल्लेखित जमानत बापतको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक भैरहवा स्थित धरौटी खाता नं ०१४४३०११५१०१००४२ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको बोलपत्रको हकमा कम्तीमा १२० (एक सय बीस) दिन म्याद भएको निर्माण कार्यको विवरण र ठेक्का नम्बर समेत उल्लेख भएको शर्त रहित Bid Security संलग्न हुनु पर्नेछ ।सिलबन्दि बोलपत्रका साथ जमानत बापतको रकम नगद राखेमा मान्य नहुनुका साथै जमानत बापतको नगद रकम जफत गरिने छ।

प्रमुख प्रशासकीय अ

५। बोलपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ। दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा सही छाप भएको हुनु पर्ने छ। तोकिएको समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

६। बोलपत्रको मान्य अवधि (Bid Validity period) ९०(नब्बे) दिनको हुनेछ ।

७। नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सबै प्रकारका करहरु(मु.अ.कर बाहेक) र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु दर रेटमा समावेश भएको मानीने छ ।

८। बोलपत्रदाताले निर्माण स्थल र निर्माण सामग्रीको उपलब्धता समेत राम्ररी बुझी बोलपत्र भरेको मानिने छ ।

९। बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलि पल्ट दर्ता गर्न सकिने छ ।

१०।बोलपत्रको डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

११।प्राप्त सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।

१२।बोलपत्र नियमानुसार लाग्ने भ्याट बाहेकका दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

१३।यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ , सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

तपसिल

| सि. नं | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.ई.रकम (मु.अ.कर बाहेक) रु. | बोलपत्र जमानत रु. | बोलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/मायादेवी/०७५-७६ | सडक कालोपत्रे गर्ने काम । मायादेवी-१ पुर्व अहिरौली-पचबिरवा गुण्डा सडक । | ४४२४७७०।- | १,२५,०००.० | ३०००.०० | बोलपत्र |
| २ | ०२/मायादेवी/०७५-७६ | सडक कालोपत्रे गर्ने काम । ।मायादेवी -२ डेंडचहवा-तेरहो-पचबिरवा सडक। | ४४२४७७०।- | १,२५,०००.० | ३०००.०० | बोलपत्र |
| ३ | ०३/मायादेवी/०७५-७६ | सडक स्तरोन्नती गर्ने काम ।मायादेवी-३ बरेवागाउ भित्र। | ४४२४७७०।- | १,२५,०००.० | ३०००.०० | बोलपत्र |
| ४ | ०४/मायादेवी/०७५-७६ | सडक कालोपत्रे गर्ने काम । मायादेवी-४ गुण्डी -पचबिरवा सडक । | ४४२४७७०।- | १,२५,०००.० | ३०००.०० | बोलपत्र |

प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्या :-/Ref. No. :

चलानी नं. :-/Dispatch No.:

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ०५/मायादेवी/ ०७५-७६ | सडक कालोपत्रे गर्ने काम । मायादेवी-५ बसहवा-बसौली-सेमराहना सडक । | ४४२४७७०।- | १,२५,०००.० | ३०००.०० | बोलपत्र |
| ६ | ०६/मायादेवी/ ०७५-७६ | पक्कि नालि तथा सडक स्तरोन्नति गर्ने काम। मायादेवी-६ बेथरी दक्षिण टोलमा | ४४२४७७०।- | १,२५,०००.० | ३०००.०० | बोलपत्र |
| ७ | ०७/मायादेवी/ ०७५-७६ | सडक स्तरोन्नति गर्ने काम। मायादेवी-७ मर्चहवा देखि बिश्वकर्मा सडक | ४४२४७७०।- | १,२५,०००.० | ३०००.०० | बोलपत्र |
| ८ | ०८/मायादेवी/ ०७५-७६ | अधुरो नाली तथा सडक कालोपत्रे गर्ने काम । मायादेवी-८ सर्वजित चौतारी पथ । | ४४२४७७०।- | १,२५,०००.० | ३०००.०० | बोलपत्र |
| ९ | ०९/मायादेवी/ ०७५-७६ | सडक कालोपत्रे गर्ने काम । मायादेवी-८ लुम्बिनी रोड मतकोलवा देखि तालिम केन्द्र जाने सडक । | २६१५०४०।- | ७४,०००.० | ३०००.०० | बोलपत्र |
| १० | १०/मायादेवी/ ०७५-७६ | सडक कालोपत्रे गर्ने काम । मायादेवी-५ रगावापुर चोक देखि दक्षिण भुवरी गाउ हुदै दुइ मुहान जाने सडक । | ४३५८४००।- | १,२३,५००.० | ३०००.०० | बोलपत्र |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत